'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक


वर्ष १ अंक : १२२ शनिवार १३ पुष, २०८१ 28 (Saturday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### दुई प्रदेश बिच १९ बुँदे साझा सहमतीको प्रतिवद्धता

## लुम्बिनी र कर्णाली प्रदेश विच १९ बुदे साझा सहमतीमा हस्ताक्षर

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१२



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले शुक्रबार कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सुर्खेतमा दुई प्रदेशको विचमा १९ बुदे साझा सहममतिको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन्। दुई प्रदेशको समृद्धि र विकासको साझा सरोकारको विषयलाई दुबै प्रदेशका मुख्यमन्त्रीले साझा प्रतिबद्धताका रुपमा सो सहमतीलाई स्वीकार गरेका हुन। उक्त समझदारी पत्रमा कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले संयुक्त रूपमा हस्ताक्षर गरेका हुन। दुई प्रदेश बिच भएको समझदारीमा अन्तर-प्रदेश आवद्ध भएका महत्वपूर्ण सडक पूर्वाधारहरु प्राथमिकतामा राखिने भएको छ। कर्णाली र लुम्बिनी जोडिने पाँच वटा रणनैतिक महत्वका सडक पूर्वाधारहरु निर्माण गर्न आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी साझेदारी र सहकार्य गर्ने समझदारी भएको कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले जानकारी गराए। जसमा जमुनाह-हिल्सा सडक, सुर्खेत-तेलपानी-भुरीगाउँ सडक, राप्ती लोकमार्ग निर्माण, कोहलपुर-सुर्खेत सडक विस्तार, कोहलपुर-बबई तथा बबई,छिन्चु सुरूङमार्ग सम्भाव्यता अध्ययनलाई दुबै सरकारले प्राथमिकतामा राख्ने सहमती भएको छ। यस्तै, कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन विस्तारमा देखिएका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने समदारी समेत भएको छ। लुम्बिनीमा आउने धार्मिक पर्यटकहरूलाई कर्णालीको साहसिक पर्यटकीय गन्तव्यसम्म जोड्ने गरी एकीकृत पर्यटन मार्ग निर्माण गर्न गुरुयोजना तयारी र लगानीमा सहकार्य गरी दुवै प्रदेशका पर्यटकीय क्षेत्रलाई जोडेर संयुक्त पर्यटन प्याकेज निर्माणका लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने समझदारी दुई प्रदेश बिच भएको छ। दुबै प्रदेशको आगामी वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा समावेश गर्नेगरी साझा प्रतिवद्धता गरिएको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बताए। कार्यान्वयन गर्नेगरी प्रतिबद्धता गरिएको साझा संयुक्त पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। नेपालको संविधानले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्म अनुरूप सहकारिता, सहअस्तित्व, समन्त्वय र पारस्परिक सहयोगको सिद्धान्तलाई आत्मसात् गर्दै दुई प्रदेशको अन्तरआवद्धता र सहकार्यलाई सुदृढ गर्दै कर्णाली प्रदेश र लुम्बिनी प्रदेशको समग्र विकास र समृद्धिका लागि कर्णाली प्रदेश सरकार र लुम्बिनी प्रदेश सरकारका बिच समझदारी गरिएको मुख्यमन्त्री कँडेलको भनाइ छ। यस्ता छन साझा १९ बुदे साझा प्रतिबद्धताः१. प्रदेशबाट तर्जुमा हुने र भएका कानूनको सम्बन्धमा पारस्परिक सहयोग, समन्वय र सहकार्य गरी एकरुपता कायम गर्ने।

*बाँकी ३ पेजमा...*

## सिँजामा मालपोत र नापी कार्यालय स्थापना हुने

■ नमस्ते समचारदाता

जुम्ला, पुष/१२



सिँजा क्षेत्रका तीन वटा गाउँपालिकाको सेवा प्रवाहलाई लक्षित गरी मालपोत र नापी कार्यालय स्थापनाका लागि सरकारले निर्णय गरेको छ। सिँजा गाउँपालिका, हिमा गाउँपालिका र कनकासुन्दरी गाउँपालिकाका नागरिकहरुलाई सुविधाका लागि भन्दै कार्यालय स्थापना गर्ने निर्णय भएको हो। स्थानीय सरकारले तल्लो तहका सबै प्रक्रिया पुर्‍याएर दुई वर्ष अगाडि भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा कामका लागि पहल थालिएको थियो। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रीपरिषद्को बैठकले पुस ९ गते सिँजाको नराकोटमा मालपोत र नापी कार्यालय स्थापना गर्ने निर्णय गरेको छ। सिँजा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालका अनुसार स्थानीय तहदेखि यहाँ आइपुग्दासम्म विभिन्न २० वटा चरण पार भएका छन्। यद्यपि मुख्यसचिवले प्रमाणीकरण गरेमा २१ चरण पार भएर कार्यालय स्थापनाका लागि बाटो खुल्ने छ। गाउँपालिकाका अध्यक्ष धितालले सिँजामा मालपोत र नापी कार्यालय स्थापनाको प्रतीक्षामा स्थानीय रहेको बताए। उनले सिँजामा मालपोत र नापी कार्यालय स्थापनापछि लामो समयदेखि नागरिकलाई सदरमुकाम धाउनुपर्ने वाध्यता हट्ने र समय समेत बचत हुने बताए। कर्णाली प्रदेश सभा सदस्य टेकराज पछाईले सिँजामा मालपोत र नापी राख्ने निर्णय भएको जानकारी दिदै भूमि व्यवस्था मन्त्रालयको यही पुस ९ गतेको बैठकबाट सिँजामा नापी र मालपोत कार्यालय राख्ने निर्णय भएको जानकारी गराए। सिँजा गाउँपालिकाका अनुसार सिँजामा मालपोत र नापी आवश्यक पर्छ भन्दै प्रधानमन्त्री पुष्पकमल दाहालको पालादेखि नै पहल सुरु गरिएको थियो। धितालका अनुसार सिँजा गाउँपालिका कार्यपालिकाको निर्णय, सिँजा गाउँपालिकाको गाउँ सभाको निर्णय, जुम्लाका आठ वटा स्थानीय तहको सामूहिक निर्णय, जिल्ला समन्वय समितिको निर्णय, जिल्ला प्रशासन कार्यालयको सिफारिस, मालपोत कार्यालय जुम्लाको सिफारिस, नापी कार्यालय जुम्लाको सिफारिस अनुसार घर उपलब्ध गराउने विषयमा इलाका प्रशासन कार्यालय नराकोटको प्रतिबद्धता लगायतका सहमति भएका छन्। सिँजामा मालापोत र नापी कार्यालय स्थापना गर्ने निर्णयप्रति सिँजावासीले खुसी व्यक्त गरेका छन्। स्थानीय दलबहादुर वडले स्थानीय सरकारले आफ्नो प्रतिबद्धता अनुसार सिँजामा मालपोत र नापी स्थापना गर्ने काम गरेकोमा स्थानीय सरकार र नेपाल सरकारलाई धन्यवाद दिए।

## रु ९ को नुन किन्न २५ सय खर्चिनु पर्ने

■ नमस्ते समचारदाता

हुम्ला, पुष/१२



सर्केगाड गाउँपालिका-१ तुम्च गाउँका नागरिकलाई अनुदानको नुन किन्नका लागि चर्को खर्च गर्नुपर्ने बाध्यता छ। अनुदानमा प्राप्त हुने रु ९को नुन किन्नलाई उनीहरुले रु २ हजार ५ सयसम्म खर्च गर्नु पर्ने बाध्यता परेको छ। नुन वितरणको डिपो कार्यालय गाउँभन्दा टाढा हुँदा महङ्गो गाडी भाडा तिरेर उनीहरु नुन किन्न जानु परेको छ। नुन लिन जाँदा र घर फर्कन मात्रै उक्त रकम खर्च हुने गरेको स्थानीय रामशरण रावतले बताए। केही दिनअघि साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले बिक्री गर्ने नुन खरिद गर्न सर्केगाडस्थित डिपोमा ठूलो खर्च भएको उनले बताए। उनले भने, 'गाउँभन्दा पालिका केन्द्र टाढा छ। अनुदानमा रु ९ पर्ने नुन लिन जान रु २५ सय खर्च लाग्छ।' एक दिनको पैदलयात्रामा पुगिने ठाउँमा गाडीमा आवतजावत गर्दा रु २५ सय लाग्ने गरेको रतन रावतले बताए। साल्ट ट्रेडिङको सर्केगाड बजारमा रहेकाले डिपो केन्द्रमार्फत मात्र बिक्री गर्दा तुम्चका ९५ घरधुरीलाई समस्या हुने गरेको रावतको भनाइ छ। गाउँपालिका केन्द्र टाढा रहेकाले गाउँपालिकाबाट पाउने अन्य सेवा सुविधाबाट समेत बञ्चित भई वडा कार्यालय जान समेत तीन घण्टा पैदल हिँड्नु पर्ने बाध्यता रहेको रावतले सुनाए। वडा कार्यालय जैरमा भएकाले तीन घण्टाको उकालो हिँडेर विभिन्न सिफारिस लिनुपर्ने अवस्था छ। तुम्च गाउँका नागरीकले नुन सर्केगाड नपुर्‍याइ बालुकुना क्षेत्रबाट वितरण गर्दा आफूहरुलाई सहज र खर्च पनि बच्ने उनीहरुको भनाइ छ। साल्ट ट्रेडिङ कर्पोरेसन शाखा हुम्लाका प्रमुख राजबहादुर लामा भने दक्षिण भेगका चारवटा गाउँपालिकाका लागि सहज पहुँच पुग्ने गरी बिक्री केन्द्रबाट वितरण हुँदै आएको बताए। एक दुई पटक यहाँका नागरिकको समस्यालाई हेरी तुम्चका लागि बालुकुना मै वितरण भएको उनको भनाइ छ। अहिले चंखेली र सर्केगाडका लागि सर्केगाड बिक्री केन्द्र र अदानचुली र ताँजकोटका लागि अदानचुलीको श्रीनगर सम्म पुर्‍याउने सम्झौता भएको लामाले बताए। ती चारवटा गाउँपालिकाका लागि चालु आर्थिक वर्षमा १८ सय क्विइन्टल नुन पुर्‍याइनेछ। सर्केगाडका लागि पाँचसय, चंखेलीका लागि चार सय, अदानचुलीका लागि पाँचसय, ताँजकोट गाउँपालिकाका लागि चारसय क्विइन्टल नुन ढुवानी हुने भएको छ। अहिले दक्षिण भेगमा नुन ढुवानी भइरहेको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# म देहले महिला, मनले पुरुष

एलिना भण्डारी

**अध्याय : एक**

मेरो जन्म एक बालिकाका रूपमा भयो । परिवारले खुसी भएर मेरो नाम एलिना राखिदिए । मलाई सानैदेखि छोटो कपाल पाल्न र केटाको पहिरन लगाउन मनपर्थ्यो । तर, मेरी ममीले फ्रकलगायत छोरीले लगाउने अन्य एक्सेसरिजहरू किनेर ल्याइदिनुहुन्थ्यो । त्यो फ्रक म एकछिन लगाएजस्तो गर्थें र फुकालिहाल्थें । मलाई उतिबेलैदेखि महसुस हुन्थ्यो कि म अरू केटीभन्दा पृथक् छु, तर किन म फरक छु ? त्यो थाहा थिएन । बढ्दै जाने क्रममा झन्झन् मभित्र 'म केटी होइन' भन्ने भाव हुर्किँदै गइरहेको थियो । मभित्रको मेरो मन र मस्तिष्क एक पुरुषकै छ भन्ने कुराले मलाई बढी नै पिरोल्दै गइरहेको थियो किनकि मेरो बाहिरी आवरण त्यतिबेला पनि केटीकै जस्तो देखिन्थ्यो । जब म किशोरावस्थामा पुगें, मेरो महिनावारी हुनुका साथै ममा शारीरिक परिवर्तन आउन थाल्यो । मेरा स्तनहरू बढ्दै जान थाले, शारीरिक बनावट ठ्याक्कै एउटी किशोरीको जस्तै देखिन थाल्यो । आफूमा आएको त्यस्तो परिवर्तन म आफैंले स्वीकार्न सकिरहेको थिइनँ । मेरो मन र मस्तिष्कमा ठूलो अन्तरद्वन्द्व हुन थाल्यो, किन मेरो मन र मस्तिष्क पुरुषको र शरीर महिलाको जस्तो छ ? यी मभित्रका यस्ता द्वन्द्वले मलाई भित्रभित्रै खाएर खोक्रो पारिसकेको थियो । महिनावारीका दिनहरू मेरा लागि निक्कै कष्टकर र काला दिन भएर बित्ने गर्थे किनकि महिनाको २९ दिनसम्म म 'पुरुष हुँ' को भावमा बाँचिरहेको हुन्थें । र, महिनावारीका दिनहरूले पलपल याद दिलाउँथे कि म जन्मँदा केटीका रूपमा जन्मिएकी थिएँ । यी र यस्ता विविध द्वन्द्व तथा अन्तरद्वन्द्वले मलाई असाध्यै सताइरहेको थियो । ममा के भइरहेको छ ? किन भइरहेको छ ? खुट्याउनै सकिरहेकी थिइनँ । जब म आफूले आफैंलाई ऐनामा हेर्थें म भित्रैदेखि साह्रै उदास र निराश हुन्थें अनि भगवानलाई



धिक्कार्दै भन्थें, किन मेरो शरीर महिलाको र मन पुरुषको बनायौ ? आफ्नै शरीर देखेर घिन लाग्थ्यो । बाहिर हिँडडुल गर्दा कसरी स्तन लुकाउने भनेर हरक्षण दिमागमा चिन्ता हुन्थ्यो । चैत-वैशाखको प्रचण्ड गर्मीमा पनि मागेर लाएजस्तो देखिने ठूला-ठूला साइजका ज्याकेट लगाएर शारीरिक बनावट लुकाउने प्रयास गर्थें । मैले लगाउने लुगा मेरा जीउभन्दा निक्कै ठूला र खुकुला हुने गर्थे । जीवन यसरी नै द्वन्द्व र द्विविधामै अगाडि बढिरहेको थियो, तर मेरो भित्री मनमा भने एउटै मात्र प्रश्न रुमल्लिइरहेको हुन्थ्यो- कहिले मेरो भित्री मन र मस्तिस्क जस्तै बाहिरी शरीर नि हुन सक्ला ? सात-आठ कक्षा पुग्दासम्म म अत्यन्तै राम्रो पढ्ने विद्यार्थी थिएँ । हाम्रा पाठ्यपुस्तकमा लैंगिक तथा अल्पसंख्यक समुदायबारे यथेष्ट सूचना र जानकारीमूलक ज्ञान थिएन, त्यही कारण होला हामीजस्ता व्यक्तिलाई मान्छेले बेग्लै नजरले हेर्ने गर्थे । साथीभाइ र शिक्षकहरू पनि अनौठो मान्ने गर्थे । त्यति मात्रै नभएर मप्रति गरिने व्यवहारले समेत मलाई फरक महसुस गराउँथ्यो । सायद यस्ता थुप्रै कारण थिए, जसले म पढाइमा केन्द्रित हुनै सकिनँ । मेरो दिमागमा हरपल आफ्नो पहिचान कसरी लुकाउने भन्ने मात्रै ध्याउन्न हुन्थ्यो । स्कुल-लाइफमा साथीहरूबीच विपरीत लिंगीतर्फको आकर्षणको कुरा चल्थ्यो । केटी भएर केटीलाई नै मनपराउने कुरालाई अरूले कसरी हेर्ने हुन् भन्ने ठूलो त्रासले म रातभर सुत्न सक्दिनथें । मनैदेखि प्राकृतिक रूपमा आफसेआफ आएको कुरा लुकाउन धेरै नै सकस भइरहेको थियो किनकि मलाई अरू कसैले केटा बनाइदिएको त होइन नि । स्कुल पढ्दा मेरो मुख्य समस्या ड्रेस र ट्वाइलेटमा हुन्थ्यो । स्कुल युनिफर्म स्कर्ट थियो । कपाल लामो हुनुपर्ने, रिबन बाँध्नुपर्ने त सामान्य नै भइहाले । छ, सात कक्षासम्म छोटो कपालमा स्कुल गएको मलाई पछि जबर्जस्ती शिक्षकहरूले लामो कपाल पाल्न लगाए । मेरो मनले भने यी कुरा गर्ने मान्दैनथ्यो । स्कर्ट लाउनुपर्दा, लामो कपालमा रिबनले चुल्ठो बनाउनपर्दा असाध्यै नमज्जा र असहज महसुस हुन्थ्यो । कुनै केटालाई केटीको लुगा लगाइदिएर हिँडाएजस्तो साह्रै नै लाजमर्दो लाग्थ्यो आफैंलाई । मैले आफूलाई मनैदेखि पुरुष ठान्ने हुँदा केटीको ट्वाइलेटमा जान शरम लाग्ने, इच्छै नलाग्ने । फेरि केटाको ट्वाइलेट जाँदा किन केटी भएर केटाको ट्वाइलेट पसेको भनेर बुली गर्ने गर्थे साथीहरू । १२ कक्षासम्म केटीकै पहिचान लिएर बाँचेको मलाई त्यो कष्टकर भोगाइ सयौं जुनीभन्दा पनि लामो लागिरहेको थियो । १२ कक्षा पास गरेपछि म एउटा कन्सल्टेन्सी अफिसमा डाटा इन्ट्री गर्ने काम गर्थें । अफिसका सबैले मलाई केटीकै रूपमा देखेका र चिनेका थिए, मेरो वास्तविक पहिचान कसैलाई थाहै थिएन । तर, कहिलेकसो केटाजस्तै व्यवहार गर्छ भन्ने कुराहरू नआएका भने होइनन् । त्यहाँ मेरा प्रिय साथीहरू भए, ब्लु डायमन्ड सोसाइटीमा इन्टर्नसिप गरेका साथीभाइ । उनीहरूले मेरो बारेमा केही शंका गरे । यो यस्तो समुदायको व्यक्ति हो भन्ने निर्क्योल गरेर मलाई ब्लु डायमन्ड सोसाइटीमा कनेक्ट गराइदिए । म काउन्सिलिङका धेरै सेसनहरूमा बसेको छु । त्यसपछि मात्रै मलाई कन्फर्म भयो कि म 'ट्रान्सम्यान' रहेछु भन्ने । वर्षौंदेखि मैले खोजिरहेको पहिचान ब्लु डायमन्ड सोसाइटीमा गएर पाएँ । तब मभित्रको अन्तरद्वन्द्व केही हदसम्म कम भएजस्तो, अलिकति सजिलो गरी श्वास फेर्न पाएजस्तो लाग्यो । मजस्ता मान्छे यो दुनियाँमा म मात्रै नभएर अरू थुप्रै रहेछन भन्ने अनुभूतिले ममा फेरि एक पटक बाँच्ने आशा जागेर आयो । कलेजको पहिलो दिन अझै याद छ मलाई, त्यो दिन मैले सर्टपाइन्ट लगाएको थिएँ, कपाल छोटै थियो । केटीको ट्वाइलेट छिर्दा, केटा भएर केटीको ट्वाइलेटभित्र छिर्यो भनेर सबैले हकारे । त्यो दिन सम्झिँदा अहिले पनि निक्कै नमिठो लाग्छ । पहिलो दिन नै मैले यस्तो तीतो अनुभव गर्नुपर्‍यो । अब म प्राइभेट कलेज पढ्दिनँ किनभने मेरो पहिचानलाई लिएर मलाई निक्कै गाह्रो हुन्छ भन्ने ठानेर ब्याचलर सरकारी कलेजमै पढ्ने निधो गरें । र, पशुपति क्याम्पस भर्ना भएँ । सोचें नियमित कक्षामा बस्दिनँ, परीक्षा दिन मात्रै जान्छु । स्नातक पहिलो वर्षको परीक्षा दिन जाँदा मेरो परिचयपत्रमा भएको फरक लुक्स देखिने फोटोले अर्को 'इस्यु' आयो । त्यतिबेलासम्म मैले मेरो पहिचान पाइसकेको थिएँ । कपाल निक्कै नै छोटो बनाएको थिएँ । 'फोटोमा देखिने मान्छे तँ होइन' भनेर मलाई परीक्षा हलमा बस्न दिएनन । त्यो दिनदेखि मैले कलेज 'ड्रपआउट' गरें, छोडेको छोड्यै भएँ, फेरि फर्केर कलेज जाने र पढ्ने सपना मारिदिएँ । त्यसपछि म ब्लु डायमन्ड सोसाइटीमा भोलेन्टियरको काम गर्न थालें । निक्कै पछि जागिरका लागि दरखास्त आवाह्न निस्कियो । मैले अप्लाइ गरें, पास पनि भएँ । हटलाइन अपरेटरको पदमा मैले ब्लु डायमन्ड सोसाइटीमै जागिर सुरु गरें । सन् २०१५ मा मैले हटलाइन अपरेटरको जागिर सुरु गरेको हुँ । फोनमा आएका जिज्ञासा र गुनासाहरू सुन्दा मलाई लाग्थ्यो, यो समुदायभित्र कत्ति धेरै समस्या रहेछन् । पारिवारिक समस्या, हिंसा, प्रेम र विवाहलगायत थुप्रै विषयमा सोधपुछका फोनहरू आउने गर्थे । त्यसको करिब ३ वर्षपछि मैले कुनै प्रोजेक्टमा प्रोग्राम असिस्टेन्टको रूपमा काम गर्न थालें । त्यस पदमा रहेर काम गर्न कार्यक्रम कसरी डिजाइन गर्ने, कार्यक्रम अवधारणा कसरी बनाउने लगायतका कुरा सिक्ने मौका पाएँ । अहिले म ब्लु डायमन्ड सोसाइटीमा प्रोजेक्ट कोअर्डिनेटरका रूपमा काम गरिरहेको छु, जुन एलजीबीटीक्यूआई चाइल्ड राइट्समा केन्द्रित छ । यसमा विशेषगरी यो समुदायका बालबालिकालाई विद्यालयमा हुने हिंसा, विभेद, बुलिङ, परिवारमा हुने स्विकारोक्तिका समस्या लगायत राष्ट्रिय बाल नीति समुदायमैत्री हुन पर्‍यो भन्ने जस्ता विषयबारे वकालत गरिन्छ ।

**अध्याय : दुई**

म नेपालकै प्रथम 'ट्रान्सम्यान' हुँ । काठमाडौंमा एलिना नामकी बालिकाका रूपमा जन्मिएको मैले उमेरसँगै बढ्दै गएको स्तन र पाठेघर शल्यक्रिया गरी फालें । त्यसपछि दाह्री-जुँगा आउने र हर्मोन बढाउने औषधि खान थालें । हाल म पूर्णरूपमा पुरुषको भेषमा हुन्छु । मेरो स्वर पनि पुरुषको जस्तै हस्की भइसकेको छ । युवतीका रूपमा जन्मिए पनि मेरो तन महिलाको र मन पुरुषको थियो । त्यही कारण होला केटीहरूप्रतिको आकर्षण बढ्दै जान थाल्यो । भित्रभित्रै डर लाग्थ्यो, मनमा असाध्यै द्विविधा हुन्थ्यो- म किन अरूभन्दा फरक ? मेरो शरीर र मन एकै किन नभएको ? बाल्यकालदेखि केटाको जस्तै हाउभाउ र पहिरन गर्ने मैले एकदिन लामो केश काटी टाउको मुडुलो बनाएर घर आएँ । घरका सबै सदस्य तर्सिए । मैले दाइलाई भनें, 'तैंले मलाई सहयोग गर्नुपर्छ, म तेरी बहिनी होइन भाइ हो, मलाई भाइजस्तै व्यवहार गर् ।' यसमा दाइको भरपुर सहयोग प्राप्त भयो । मेरो बुवाले सधैं भन्ने गर्नुहुन्थ्यो, 'तँ किन सधैं यसरी बेरूपी भएर हिँड्ने गर्छेस् ?' बिस्तारै आमाबुवाले यो कुरा थाहा पाएपछि एकदिन आमाले नमीठो मानेर भन्नुभो, 'तैंले किन यसरी आफ्नो मन र शरीरलाई यत्ति धेरै दुःख दिएको ? म यो सब हेरेर बस्न सक्दिनँ, आफ्नो खुसी गर् ।' आमाको यो कुराले मेरो मुटु छोयो । आमाको माया र शक्ति अपरम्पार हुँदोरहेछ । अहिले बुवाआमा दुवै मलाई छोराका रूपमा स्वीकार गर्न पाउँदा खुसी हुनुहुन्छ । उहाँहरूको मप्रतिको माया र विश्वासले यो सबै सम्भव बनायो । सन् २०१५ तिर म समुदायसँग हटलाइनमा काम गर्ने कुरा माथि नै बताइसकें । त्यहाँ मेरो काम यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायभित्रका अन्योलता, उनीहरूलाई परेका समस्या, सामाजिक बहिष्करणमा परेका तथा एचआईभी प्रभावितहरूसँग संवाद र काउन्सिलिङ गर्नु थियो । त्यतिबेला समुदायसँग त छँदैथियो, त्यसबाहेक महिला आयोग, मानवअधिकार आयोग, स्वास्थ्य सेवा आयोग र विभिन्न सरकारी निकायसँग हाम्रो समुदायबारे वकालत गर्ने काम गर्थें । यो कामले हाम्रो समुदायभित्र आत्मविश्वास बढायो भने समाजमा परिवर्तन लिएर आयो । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसहरूले बाल्यकालदेखि नै पारिवारिक तिरस्कार, सामाजिक हेय र विभेद भोग्नु परिरहेको थियो । स्कुलमा यौनिक तथा लैंगिक अल्पसंख्यकमैत्री वातावरण कसरी सिर्जना गर्ने ? यस्ता बालबालिकाका परिवार र अभिभावकहरूलाई कसरी सचेत र सजग गराउने ? कसरी उनीहरूलाई यो विषय बुझाउने ? यो नीति तथा कार्यक्रमको अवधारणा र कार्यान्वयनमा मेरो पनि भूमिका छ । काठमाडौं, बाँके र दैलेखका स्कुलहरूमा मैरै नेतृत्वमा थुप्रै जनचेतनामूलक कार्यक्रम सम्पन्न भए, यसले सकारात्मक परिणाम पनि ल्यायो । तर, सुरुवाती दिनमा काठमाडौंका नाम चलेका विद्यालयबाट पनि हामी अस्वीकृत भएका थियौं । सहजै स्वीकार गरेका परिवारलाई एकैठाउँमा ल्याएर 'रेन्बो ग्रुप' बनाएका छौं, जसले 'पियर टु पियर' परामर्श दिन्छन् । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मूल कार्यक्रम गाईजात्रा, गौरव यात्रामा ती परिवार वा अभिभावकलाई रोल मोडलका रूपमा प्रस्तुत गरिन्छ । यौनिक तथा लैंगिक अल्पसंख्यक भनेबित्तिकै तेस्रो लिङ्गी महिलाको विषय मात्रै हाइलाइट भएको र यसले अन्यलाई छायामा पारेको मलाई अनुभूति हुन्छ । बालिका भएर जन्मिएका, तर फरक मन बोकेका 'ट्रान्सम्यान'हरू लैंगिक पहिचानको हिसाबले फरक हुंदा झन् दोहोरो-तेहेरो मारमा पर्ने मेरो बुझाइ छ । कतिपय बालिकालाई 'करेक्टिभ रेप' (यौनको स्वाद थाहा नपाएर केटाजस्ती भएकी, एकपटक यौन कार्य गरेपछि केटी हुन्छे भनेर परिवारले नै केटा खोजेर यौनसम्बन्ध गराइदिने) घटनादेखि प्रसूतिसम्बन्धी विविध समस्याका कारण मजस्ता कैयौं 'ट्रान्सम्यान'हरू दैनिक मर्दै बाँच्न विवश छन् । मूल कुरा त हामीलाई समान मानवका रूपमा व्यवहार गर्नुपर्‍यो । हरेक ठाउँमा हामीले मात्रै विभेद भोग्नुपर्ने किन ? जागिर खान जाँदा आफूसँग सीप, क्षमता र दक्षता नै भए पनि कतै काम दिइँदैन, किन ? सरकार र समाजले सोच्नुपर्ने होइन र ? सञ्चारमाध्यमहरूले पनि हाम्रो दुःख-पीडाका कथा र अनौठा तस्बिर छापेर 'पब्लिसिटी'के लागि मात्रै हामीलाई नलिइदिए हुन्थ्यो जस्तो लाग्छ । हामी पनि मानव हौं, समाज र देश बनाउने नागरिक हौं । हाम्रा मुद्दालाई सही रूपमा उपयुक्त ढंगले उठान र वकालत गरिदिए मुलुकले हामीबाट धेरै लाभ लिन सक्छ भन्ने मेरो बुझाइ हो । अन्य मुलुकमा लैंगिक तथा अल्पसंख्यक समुदायका लागि कैयौं अधिकार स्थापित भइसकेका छन्, तर हामीकहाँ सोचसमेत बदलिन सकेको छैन । हामीलाई पनि अन्य मानिससरह व्यवहार गरी राज्यले आफ्ना नागरिकप्रतिको आफ्नो दायित्व पूरा गरोस् भन्ने हाम्रो चाहना हो । यो समुदायभित्र थुप्रै मुद्दा यथावतै छन्, जसलाई टड्कारो उठान गर्नुपर्ने देखिन्छ । फरक लिङ्ग भएकै कारण पढाइबाट वञ्चित हुनुपर्ने, परिवार र समाजको छिःछिः र दुर्व्यवहार सहनुपर्ने, मानसिक तथा शारीरिक पिडा भोग्नुपर्ने जस्ता अनगिन्ती समस्यालाई सञ्चारमाध्यमले उचित ढंगले उठान गरिदिए यो समुदायले पनि मर्यादित जीवन बाँच्न पाउने थियो ।

-गोरखापत्र


## बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- बैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको बैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै बैदेशिक रोजगारीमा जाऔं ।
- बैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- बैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- बैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# मानव–वन्यजन्तु विचको द्वन्द्व न्यूनीकरणका लागि सिकाई

नमस्ते समचारदाता

बर्दिया, पुष/१२



मानव र वन्यजन्तु विचको द्वन्द्व न्यूनीकरण गर्न जनावरका आनीबानी तथा उनीहरुको रहनसहन बारे सचेतना मुलक कार्यक्रमको आवश्यकता रहेको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । विद्यालय तहबाटै जनावरका आनीबानी तथा उनीहरुको रहनसहन बारे नयाँ पुस्तालाई सिकाउन सके मानव र वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरण गर्न सहज हुने उनीहरुको सुझाव छ । बर्दियाको मधुवन नगरपालिका वडा नं. २ स्थित मञ्जुश्री शिशु बाटिका माध्यमिक विद्यालयमा सम्पन्न 'शुक्रबार वातावरण बार' कार्यक्रममा बोल्दै कार्यक्रमका सहभागी कक्षा १० मा अध्ययनरत क्षात्रा सिता थारुले वन, वन्यजन्तु तथा वातावरण संरक्षणको कुरा आफुहरुले अहिल्यैदेखि सिक्न सके यसक्षेत्रमा हुने मानव र वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरण गर्न सहज हुने बताइन । साथै उनले विद्यालय आउँ जाउँ गर्दा मनमा डर उत्पन्न हुने र पढाईमा पनि राम्रो संग ध्यान दिन नसकेको बताइन । कार्यक्रमका अर्का सहभागी कक्षा १० मा अध्ययनरत विद्यार्थी आर्यन परियारले वातावरण बार अन्तरगत मानव र वन्यजन्तु बिचको सह-अस्तित्वको सम्बन्धबारे जानकारी पाएको बताउँदै वातावरणीय सुरक्षाका बारेमा जान्ने अवसर प्राप्त भएकोमा खुसी व्यक्त गरिन । कक्षा ९ र १० का गरी करिब ८० जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा विषयविज्ञ मदन ज्ञवालीले छलफलको सहजीकरण गरेका थिए । उनले विद्यार्थिहरुलाई वातावरणको महत्व तथा जैविक विविधताको विषयमा आवश्यक जानकारी गराएका थिए । युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम c Gu{ *'वातावरणीय न्याय र जवाफदेहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान'* को गतिविधिका रुपमा यो कार्यक्रम आयोजना गरिएको हो । यो कार्यक्रम समुदायका लागि सञ्चार अभियान नेपालको आयोजनामा बाँके र बर्दियामा सञ्चालित रहेको छ।

# नेपाल–भारत बिच सहकार्य र समन्वयमा जोड

नमस्ते समचारदाता

बाँके, पुष/१२




लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेनाले नेपाल भारत नाकाहरूबाट हुने मानव बेचबिखन नियन्त्रणमा दुबै देशका सरकारी अधिकारी र गैर सरकारी निकायबिच सहकार्यमा जोड दिनुभएको छ। माइती नेपालले नेपाल र भारतका सुरक्षा अधिकारी र विभिन्न गैर सरकारी सङ्घसंस्थाका प्रतिनिधिको उपस्थितिमा शुक्रबार नेपालगन्जमा आयोजना गरेको मानव बेचबिखन नियन्त्रणमा दुबै देशका सरोकारवालाको भूमिका विषयक क्रस बर्डर बैठकको उदघाटन गर्दैं मन्त्री तिमिल्सेनाले सो बताउनुभएको हो। उहाँले गरिबी र अशिक्षाका कारण पश्चिम नेपालका पहाडी जिल्लाका सोझा साझा महिला र युवतीहरू मानव बेचबिखनमा पर्दैं आएकोले सरकारले सो रोक्न विशेष योजना बनाउने तयारी गरिरहेको बताउनुभयो । नेपालगन्ज लगायत लुम्बिनी प्रदेशका सबै नाका बेचबिखनको उच्च जोखिममा रहेको उल्लेख गर्दैं मन्त्री तिमिल्सेनाले सो रोक्न प्रशासनिक कडाइका साथै नेपाल र भारतका सुरक्षा निकायबिच विशेष सहकार्य तथा समन्वय आवश्यक रहेको बताउनुभयो। उहाँले दुबै देशबिच सो रोक्न सहकार्य र सहयोग बिगतबाटै हुँदै आएकोमा त्यसलाई झनै बढाउनुपर्ने र दुबै देशका अन्तरदेशीय कानुन पनि सो कार्यलाई सहयोग पुरयाउने खालका हुनुपर्नेमा जोड दिनुभयो । नेपाल र भारतका विभिन्न गैर सरकारी सङ्घसंस्थाका ठुलो संख्याका प्रतिनिधिहरूको सहभागिता रहेको सो कार्यक्रममा माइती नेपालका कार्यकारी निर्देशक विश्वराम खड्का र मानव सेवा संस्थान गोरखपुर भारतका कार्यक्रम निर्देशक मोहम्मद शमुनले विषयगत कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगको नेपालगन्ज कार्यालयका प्रमुख द्वारिका अधिकारी, दिल्ली पुलिसका इन्सपेक्टर केहर सिहं, जिल्ला समन्वय समिति बाँकेका उपप्रमुख सिता कार्की, बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजाल, जिल्ला प्रहरी प्रमुख एसपी तुल बहादुर कार्की, युएसएड आइडीको हाम्रो सम्मान कार्यक्रमका प्रमुख सिता घिमिरे, नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्ररिसी चौलागाई र माइती नेपाल नेपालगन्जका प्रमुख केशव कोइराला लगायतले मानव बेचबिखनको अवस्था, कारण र रोकथाममा दखिएका चुनौतीहरूका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो ।

## गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# कर्णालीमा अझै पनि जोखिमपूर्ण टुइन चढ्नु बाध्यता

नमस्ते समचारदाता

हुम्ला, पुष/१२



सर्वसाधारणका लागि सामान्य जस्तै भएको तुइन चढ्नु पर्ने बाध्यता जिल्ला जनप्रतिनिधिहरुलाई पनि भएको छ । निर्वाचितपछि जिल्लामा जनताहरुसंग भेटघाट र योजनाको अनुगमन गर्ने क्रममा हुम्लाका जनप्रतिनिधिहरुले एक गाउँबाट अर्को गाउँमा जान तुइन चढ्नु पर्ने बाध्यता रहेको छ । कर्णाली प्रदेश सरकार निवर्तमान ऊर्जा तथा जलश्रोत मन्त्री रणसिंह परियार केही समय अगाडि जिल्लामा आउने बेलामा तुइन चढ्नु पर्ने बाध्यता रहेको बताए । उनीले कर्णाली प्रदेश सभाको सदस्य समेत रहेका छन् । उनले आफु सर्केगार्ड गाउँपालिका-२ को रिप गाउँमा जाने क्रममा ल्याप्चेमा ब्यक्तिले निर्माण गरेको तुइन चढेर कर्णाली नदी वारपार गर्नु परेको बताए । उक्त गाउँ जानका लागि अन्य विकल्प नभएपछि उनले अरु व्यक्तिसँगै सो तुइन चढ्नु परेको हो । सरकारले २०७५ साल मै तुइन विस्थापित गर्ने घोषणा गरे पनि हुम्ला जिल्लामा त्यो घोषणा लागु हुन सकेको छैन । उनले यस्ता तुइन विस्थापित गरेर झोलुङ्गे पुल निर्माण गर्न सरकारसंग आग्रह गरे । यस अघि गाउँपालिका अध्यक्ष भन्दा तलका जनप्रतिनिधिले यस्ता तुइनहरु चढ्दै आएका थिए । यस पटक भने जिल्ला कै उच्च तहका नेताहरुले तुइन चढेका हुन् । जिल्लामा यस्ता तुइन अहिले पनि चार वटा स्थानमा रहेका छन् । जसमा चंखेली गाउँपालिकाको लोती कर्णाली, सर्केगार्ड गाउँपालिकाको दुल्ली कुना, ल्याप्चे, खार्पुनाथ गाउँपालिकाको लालीबगरमा रहेका छन्।

## लुम्बिनी...

२. प्रदेश कानून बमोजिम लगाइने करका सम्बन्धमा दुवै प्रदेशबीच एकरुपता कायम गर्ने र प्राकृतिक स्रोत साधनबाट सङ्कलन हुने रोयल्टी बाँडफाँटको विषयमा सामञ्जस्यता कायम गर्ने । ३. राष्ट्रिय गौरवको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना शीघ्र सम्पन्न गर्न दुवै प्रदेश सरकारको तर्फबाट नेपाल सरकार समक्ष समन्वय गर्ने र स्थानीय स्तरका आयोजना सम्बद्ध सवालहरूमा स्थानीय तह समेतको समन्वयमा विवाद समाधानका लागि आवश्यक पहल गर्ने ।

४. अन्तर प्रदेश आवद्ध भएका देहायका सडक पूर्वाधार निर्माणका लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी साझेदारी र सहकार्य गर्नेः (क) जमुनाह-हिल्सा सडक,(ख) सुर्खेत-तेलपानी-भुरीगाउँ सडक, (ग) राप्ती लोकमार्ग निर्माण, (घ) कोहलपुर सुर्खेत सडक विस्तार,(ड) कोहलपुर-बबई तथा बबई छिन्चु सुरुङमार्ग सम्भाव्यता अध्ययन ।

५. लुम्बिनी प्रदेशका विमानस्थल बाट कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई उडान गर्न आवश्यक पहल गर्ने ।

६. भैरहवा-सुर्खेत हवाई सेवा सञ्चालन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने ।

७. कोहलपुर सुर्खेत १३२ के.भी.ए. प्रसारण लाइन विस्तारमा देखिएका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने ।

८. दुवै प्रदेशको बृहत्तर हित गर्ने सहलगानीमा सञ्चालन हुन सक्ने सम्भावित ठूला आयोजनाको पहिचान गर्ने ।

९. विपद् व्यवस्थापनका लागि साझेदारी, सहकार्य र समन्वयात्मक ढङ्गबाट कार्य गर्ने ।

१०. लागू औषध ओसारपसार प्रभावकारी रुपमा नियन्त्रण र रोकथामका लागि सुरक्षा निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

११.लुम्बिनी प्रदेशमा आउने धार्मिक पर्यटकहरुलाई कर्णालीको साहसिक पर्यटकीय गन्तव्यसम्म जोड्नेगरी एकीकृत पर्यटन मार्ग निर्माण गर्न गुरुयोजना तयारी र लगानीमा सहकार्य गर्ने । १२. दुबै प्रदेशका पर्यटकीय क्षेत्रलाई जोडेर संयुक्त पर्यटन प्याकेज निर्माणको लागि निजि क्षेत्रसंग समन्वय र सहकार्य गर्ने । १३. दुबै प्रदेशकी सीमानामा रहेका नदीनालाहरूमा जलविद्युत् उत्पादन प्रसारण लाइन विस्तार तथा सिंचाइ संरचना निर्माण गर्दा समन्वय र सहकार्य गर्ने । १४. प्रदेशका सीमा क्षेत्र नजिकका सडक, पुल जस्ता पूर्वाधारहरूको निर्माणमा सहलगानी तथा साझेदारी गर्ने ।

१५. बर्दिया जिल्लाको बाँसगढी नगरपालिका, बडा नं. १ र सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. ५ की साँध सिमानाको विवाद प्रचलित कानून र प्रमाणका आधारमा समाधान गर्न नेपाल सरकार समज अनुरोध गर्ने ।

१६. दुबै प्रदेशमा सञ्चालन हुने सार्वजनिक सवारीको यात्रु भाडादर संयुक्त रुपमा निर्धारण गर्ने र सडक यातायात दुर्घटना जोखिम न्यूनीकरणका लागि सवारी गति नियन्त्रण र मादक पदार्थ सेवनको जाँच, चालक प्रशिक्षण, अनुगमन तथा निरीक्षण लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

१७. कर्णाली प्रदेशको फलफूल, जडीबुटी, अर्गानिक तरकारी र अन्य उत्पादनलाई लुम्बिनी प्रदेशका मुख्य बजार केन्द्रहरूसम्मको पहुँच एवम् लुम्बिनी प्रदेशको खाद्यान्न लगायतका कृषि उत्पादनको प्रवर्द्धन सदै कर्णाली प्रदेशका बजार केन्द्रहरूसम्मको पहुँच बढाउन तथा बजार पूर्वाधार तयार गर्न समन्वय र सहकार्य गर्ने ।

१८. दुबै प्रदेशको विकास, समृद्धि र सुशासन प्रवर्द्धनको लागि सूचना प्रविधिको माध्यमवाट सेवाप्रवाहलाई प्रभावकारी बनाउन आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने । १९. दुवै प्रदेशको साझा सहकार्य, समन्वय र साझेदारीलाई प्रवर्द्धन गर्न समन्त्रयात्मक बैठकलाई निरन्तरता दिदै आगामी बैठक लुम्बिनी प्रदेश सरकारले आयोजना गर्ने ।

## संबिधानले ब्यवस्था गरेका नागरिकका कर्तब्यहरू

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संबिधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,

जस्ता नागरिक कर्तब्यको पालना गरौं, जिम्मेवार नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
शनिबार १३ पुष, २०८१
Saturday 28 December, 2024


# भेरी–बबईको काममा गति बढाउन मुख्यमन्त्री आचार्यको पहल

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१२



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको कृषि, ऊर्जा र खानेपानी क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनाको कामलाई तिब्र गतिमा अगाडि बढाउन सुझाएका छन्। शुक्रबार आयोजना स्थल अनुगमनका लागि पुगेका मुख्यमन्त्री आचार्यले भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना साइड कार्यालय हात्तिखाल सुर्खेतमा पुगेर आयोजनाको कामलाई गति प्रदान गर्न आवश्यक रहेको र त्यसतर्फ जुट्न ध्यानाकर्षण गराएका हुन । मुख्यमन्त्री आचार्यले आयोजनाको कामको गति सुस्ताएको प्रति चिन्ता गर्दै कामलाई छिटो अगाडि बढाउन लाग्नु पर्ने र काममा विलम्ब नगर्न निर्देशन समेत गरे । मुख्यमन्त्री आचार्यले आयोजनाको काम सञ्चालन गर्दा मानव बस्ती सुरक्षित हुनेगरी गर्नुपर्ने बताउँदै नदी कटान र विपद् जोखिम न्यूनीकरण गरेर काम गर्न सुझाव दिए । आयोजना कार्यालयसँग छलफल गर्नु अघि मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशको बर्दियाको बासगढी नगरपालिका - १ चेपाङका स्थानीयहरुसँग पनि भेट गरेका थिए। सो अवसरमा अबको २ वर्षभित्र भेरी नदीको पानी बबई नदिमा झारेर सिँचाइ, विद्युत् उत्पादन सुरु हुनेगरी काम भइरहेको आयोजनाका निर्देशक रणबहादुर बमले जानकारी दिए। बहुउद्देश्यीय आयोजनाको ६५.८ प्रतिशत भौतिक प्रगति गरेको बमले जानकारी गराए । आयोजनाको हालसम्म टनेल निर्माण कार्य सम्पन्न भएको, सिभिल निर्माण कार्यको भौतिक प्रगति ५५ प्रतिशत, इलेक्ट्रोमेकानिकल प्रगति ३० प्रतिशत सम्पन्न भएको जानकारी गराइएको हो । हाइड्रोमेकानिकलको भौतिक प्रगति ३९ प्रतिशत र प्रसारणलाइनको भौतिक प्रगति ५ प्रतिशत भएको छ । भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना राष्ट्रिय गौरवका आयोजना हो । बाँके र बर्दिया जिल्लाको ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने र ४६.८ मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य छ । १२ महिना सिँचाइ र विद्युत् उत्पादन गर्ने लक्ष्य समेत राखिएको छ । आर्थिक वर्ष २०६८/६९ बाट भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना अघि बढेको थियो । भेरीको पानी बबईमा खसालेर बाँके र बर्दियाको ५१ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउनुका साथै ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने रहेको छ। सिँचाइ विभागद्वारा संशोधित गुरुयोजना अनुसार टनेल निर्माण, बाँध, विद्युतगृह, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल लगायत काम सम्पन्न गर्न ३३ अर्ब १९ करोड खर्च हुने प्रक्षेपण छ । भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनामा नेपालमा पहिलोपटक प्रयोग गरिएको टनेल बोरिङ मेसिन (टिबिएम) को सफल परीक्षण भएको छ । सुरुङको लम्बाइ १२ किलोमिटर को छ । चीनको सीआइसी र चाइना इञ्जिनियरिङ ओभरसिज प्रालि (कोभेक)को संयुक्त निर्माणमा आयोजनाको काम भैरहेको छ । मुख्यमन्त्रीसँग ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री सीता चौधरी सहितको टोलीले आयोजनाको बारेमा स्थलगत जानकारी लिएको हो । मुख्यमन्त्री आचार्यले शुक्रबार नै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलसँग सुर्खेतमा छलफल गरेका छन् ।

# ऋण लिएर घर बनाउँदै भूकम्पपीडित

■ नमस्ते समचारदाता

रुकुमपश्चिम, पुष/१२



रुकुमपश्चिमका भूकम्पपीडितले ऋण लिएरै भए पनि आफैँ घर बनाउन थालेका छन् । भूकम्प गएको १४ महिनासम्म सरकारले स्थायी आवास निर्माणको कुनै योजना अघि नसारेपछि यहाँका केही भूकम्पपीडितले आफैँ ऋण गरेरै भएपनि घर बनाउन लागेका हुन्। आठबिसकोट नगरपालिका-९ का दिनेश शाहीले अस्थायी टहराको बास असहज र साँघुरो भएकाले साहुसँग ऋण गरेर घर बनाउन लागेको बताए। भूकम्पले घर भत्काएपछि अस्थायी टहरामा छोराबुहारीसँग बस्दै आएका शाही दम्पतीले एक वर्ष कठिनाइपूर्वक काट्नु परेकाले सानै भए पनि आफैँ घर बनाउन कस्सिएको उल्लेख गरे । घरमा बस्न सहज अवस्था नभएपछि छोरा रोजगारीको लागि देशबाहिर गएको र आफूहरू जसोतसो घर निर्माणको काममा लागेको उनको भनाइ छ। चिसोको डरले चाँडै नै घर बनाउन सुरु गरेकाले अब स्थानीय सरकारलाई घरबार जानकारी दिने उनको सोच रहेकोछ । चौरजहारी नगर पालिका-१ का भूकम्पपीडित मोतीलाल जैसीले पनि ऋण लिएर घर बनाउन लागेको बताएका छन् । जैसीको घर पनि भूकम्पले पूर्ण क्षति भएको हो । टहरामा बस्दा जाडोमा अत्याधिक चिसो, गर्मीमा तातो हुने हुँदा असुरक्षित लागेकाले घर नबनाई नहुने अवस्था आइपरेको उनको भनाइ छ। टहरामा पूरै परिवार बस्नलाई साह्रै गाह्रो पर्ने भएकाले आफैँ घर बनाउन लागेको जैसीले बताए । एकतले पक्की घरका लागि नक्सा पास गराएको उनले बताए। एक तलाको ६कोठे घर बनाउन करिब २५ लाख रुपियाँ लाग्ने अनुमान गरिएको उनको भनाई छ । सरकारले भूकम्पपीडितको घर बनाउन आर्थिक सहयोग गर्ने भन्ने सुनेका यहाँका भूकम्पपीडित पुनर्निर्माणको पर्खाइमै १४ महिना बितेको बताउँछन् । अधिकांश भूकम्पपीडितले अस्थायी टहरा बनाएर जसोतसो गुजारा चलाइरहेका छन् । उनीहरूले सरकारले पुनर्निर्माणको योजना ल्याउला र स्थायी आवास बनाउँला भनेर पर्खिरहेका छन् । चौरजहारी नगरपालिकाका प्रमुख पुष्प बादीले सुरक्षित आवासको अभावमा जनता दिनदिनै कमजोर बनिरहेका बताए । पुनर्निर्माणको कार्यविधि नै पास नगर्ने सरकारले बरु आफैँ बनाऊ भनिदिएको भए आजसम्म आधाभन्दा बढी भूकम्पपीडितले आफैँ घर बनाइसक्ने उनको दाबी छ। भूकम्प लगत्तै सरकारले चाँडै नै घर बनाउन अनुदान दिने बताएकाले पीडितले सरकारी आश्वासन पर्खिरहेको नगरप्रमुख बादीले बताए । सरकारले कति लागतको, कस्तो घर बनाउने भन्ने मापदण्ड मात्र ल्याइदिए पनि धमाधम व्यक्तिगत आवास निर्माणको काम सुरु हुने बताइन्छ । सरकारकै निर्णय कुरेर यहाँका अधिकांश प्रभावित अस्थायी टहरा र चर्किएकै घरमा बस्दै आएका छन् । सुरक्षाका आवश्यक मापदण्ड पूरा गरेर बनाइएका भूकम्प प्रतिरोधी सुरक्षित आवासलाई सरकारले ल्याउने पुनर्निर्माणको मापदण्ड भित्र राखेर सहयोग गर्नु पर्छ भन्ने मान्यता रहेको सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर विष्टले बताए ।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके